नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय

# पहाडी साना किसानका लागि अनुकूलन आयोजना

बबरमहल, काठमाडौं ।

## अफिस उपकरण खरिदका लागि बोलपत्र आव्हान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशन भएको मिति: २०७२।०७।२३ गते

१. यस आयोजानाको लागि आवश्यक विभिन्न अफिस उपकरण बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले यो बोलपत्र आव्हान गरिएको छ ।

२. योग्य बोलपत्रदाताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन अर्थात मिति २०७२।०८।२२ गते कार्यालय समय भित्र यस आयोजनाको कार्यालय बबरमहलबाट लिखित निवेदन पेश गरी बोलपत्र सम्बन्धी कागजातहरु प्राप्त गर्न सक्ने छन् । यस्तो निवेदनको साथमा अद्यावधिक कम्पनी/फर्म दर्ता, प्यान/भ्याट दर्ता, आ.व. २०७०।०७१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.१,०००।- फिर्ता नहुने गरी पेश गर्नु पर्ने छ ।

३. बोलपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रशतावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

४. खरिद गरिएको बोलपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिन अर्थात मिति २०७२।०८।२३ गते १२:०० बजे भित्र यस आयोजनाको कार्यालय बबरमहलमा दर्ता गराईसक्नु पर्ने छ । ढीलो गरि प्राप्त एवं रीत नपुगेको बोलपत्र स्वीकार गरिने छैन ।

५. दर्ता हुन आएका बोलपत्रहरु सोही दिन २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिन सम्मको लागि बोलपत्र मान्य हुने छ ।

६. बोलपत्रसाथ देहाय बमोजिमको रकम नेपाल राष्ट्र बैंक थापाथली स्थित धरौटी खाता नं.१२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यताप्राप्त बैंकबाट यस आयोजनाको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नु पर्ने छ । बोलपत्र जमानतको मान्य हुने अवधी न्यूनतम १२० दिनको हुन पर्ने छ ।

| लट नं. | सामानको विवरण | खरिद प्रकृया | वोलपत्र दस्तुर | जमानत बापतको रकम |
|---|---|---|---|---|
| १ | ब्रान्डेड डेक्सटप कम्प्यूटर सेट (१२ थान) | बोलपत्र | १००० | रु.२३,२५०।- |
| २ | ब्रान्डेड ल्यापटप कम्प्यूटर सेट (२५ थान) | बोलपत्र | १००० | रु. ७८,१२५।- |
| ३ | स्क्यानर (६थान) | बोलपत्र | १००० | रु.१,४२५।- |
| ४ | मल्टी फङ्सनल फोटोकपी मेशिन (२ थान) | बोलपत्र | १००० | रु.७,२५०।- |
| ५ | अफिस प्रिन्टर (११ थान) | बोलपत्र | १००० | रु. ७,९७५।- |
| ६ | प्रोजेक्टर (३ थान) | बोलपत्र | १००० | रु. ५,८१३।- |

७. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवश्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य हुने अवधी भने साविककै मिति देखि गणना गरिनेछ।
८. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस आयोजनामा निहित रहने छ ।
९. यस सूचनामा उल्लेख भएका बाहेकका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवं प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।
१०. बोलपत्र सम्बन्धी थप जानकारीको लागि आयोजनाको कार्यालय, बबरमहलमा वा सम्पर्क नं. ०१-४२२१४५५ मा सम्पर्क गर्न सक्नुहुने छ ।

आयोजना संयोजक